**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- महाराष्ट्रका गभर्नर सी.पी. राधाकृष्णन उपराष्ट्रपति पदको निर्वाचनका लागि (एनडीए) का उम्मेदवार हुनेछन्।

- प्रधानमन्त्री नरेन्द्र मोदीले महाराष्ट्रका राज्यपाल सी.पी. राधाकृष्णनलाई उपराष्ट्रपति पदको उम्मेदवारको रूपमा मनोनित गर्ने (एनडीए)को निर्णयलाई स्वागत गर्नुभएको छ।

- .वाशिंगटनमा आज शीर्ष यूरोपीय नेता यूक्रेनका राष्ट्रपति वोलोदिमिर ज़ेलेंस्कीको साथ अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रम्पको साथ बैठकमा शामेल हुनेछन् ।

- चीनका विदेशमन्त्री तथा कम्युनिष्ट पार्टी पोलितब्युरोका सदस्य वाङ यी आजदेखि भारतको दुई दिने भ्रमणमा छन्।

- विश्व च्याम्पियन तथा दुई पटकका ओलम्पिक पदक विजेता नीरज चोपडाले यस वर्षको डायमन्ड लिग फाइनलमा स्थान पक्का गरेका छन् ।

**एनडीए उपराष्ट्रपति पदका उम्मेदवार**

महाराष्ट्रका गभर्नर सी.पी. राधाकृष्णन उपराष्ट्रपति पदको निर्वाचनका लागि राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) का उम्मेदवार हुनेछन्। हिजो नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा पार्टीको संसदीय बोर्डको बैठकपछि भाजपाका राष्ट्रिय अध्यक्ष तथा केन्द्रीय मन्त्री जे.पी. नड्डाले मिडियालाई जानकारी दिनु भयो । उहाँले सबै एनडीएका सहयोगीहरूले यो निर्णयलाई समर्थन गरेको बताउनु भयो । उहाँले भन्नु भयो कि भाजपाले सर्वसम्मतिले उपराष्ट्रपति पदको निर्वाचन सुनिश्चित गर्न सबै दलहरूसँग समन्वय गर्ने प्रयास गर्नेछ। श्री नड्डाले भन्नुभयो यस सम्बन्धमा पछिल्लो हप्ता एनडीए सहयोगीहरू र विपक्षी दलहरूलाई सम्पर्क गरिएको थियो।

**byte - नड्डा -**

बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंह पनि उपस्थित थिए।उपराष्ट्रपतिको निर्वाचन आगामी महिनाको ९ तारिखमा हुनेछ । जगदीप धनखड़ले राजीनामा दिएपछि निर्वाचन हुन लागेको हो । र यो गर्न आवश्यक भएको छ।

**प्रधानमन्त्री-उपराष्ट्रपति पदका उम्मेदवार**

प्रधानमन्त्री नरेन्द्र मोदीले महाराष्ट्रका राज्यपाल सी.पी. राधाकृष्णनलाई उपराष्ट्रपति पदको उम्मेदवारको रूपमा मनोनित गर्ने राष्ट्रिय लोकतान्त्रिक गठबन्धनको निर्णयको स्वागत गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले भन्नु भयो श्री राधाकृष्णनले सार्वजनिक सेवामा आफ्नो लामो करियरमा आफ्नो नम्रता, बुद्धिमत्ता र समर्पणका साथ आफूलाई अलग गर्नुभएको छ। विभिन्न पदहरूमा रहँदा, उहाँले सधैं जनताको सेवा गर्ने र समाजका विपन्न वर्गहरूलाई सशक्त बनाउने प्रयास गर्नुभयो। उहाँले तमिलनाडुमा तल्लो तहमा महत्त्वपूर्ण काम गर्नुभएको छ र विभिन्न राज्यका सांसद र राज्यपालको रूपमा उहाँको अनुभव धेरै समृद्ध रहेको छ।श्री मोदीले राज्यपालको रूपमा आफ्नो कार्यकालमा श्री राधाकृष्णनले सधैं आम जनताको समस्या

समाधान गर्ने प्रयास गर्नुभएको बताउनु भयो। यस आधारमा, उहाँसँग विधायी र संवैधानिक मामिलाहरूमा पनि व्यापक अनुभव छ। प्रधानमन्त्रीले विश्वास व्यक्त गर्नुभयो कि श्री राधाकृष्णन एक बलियो र प्रेरणादायी उपराष्ट्रपति साबित हुनुहुनेछ।सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले पनि श्री राधाकृष्णनलाई उपराष्ट्रपति पदको लागि एनडीए उम्मेदवारको रूपमा मनोनित भएकोमा बधाई दिनु भयो।

## प्रधानमंत्री नरेंद्र मोदी 'वोकल फॉर लोकल'

प्रधानमंत्री नरेंद्र मोदीले 'वोकल फॉर लोकल' माथि ज़ोड दिनुहुदै मानिसहरुलाई भारतमा बनेका उत्पादनहरूमा विश्वास गर्न र खरिद गर्न आग्रह गर्नु भयो। श्री मोदीले हिज नयाँ दिल्लीमा लगभग ११ हजार करोड रुपैयाँको दुई प्रमुख राष्ट्रिय राजमार्ग परियोजनाहरूको उद्घाटन गर्दै यो कुरा बताउनु भएको हो।

**Byte**

प्रधानमंत्रीले भन्नु भयो कि देशलाई बलियो बनाउन र आत्मनिर्भर बनाउन हामीले चरखाधारी मोहनले देखाएको बाटो पछयाउनु पर्छ|यस अवसरमा श्री मोदीले भन्नु भयो उहाँको सरकार दिल्लीको विकासको लागि दृढ छ |

## ट्रम्प-जेलेन्स्की भेटवार्ता

वाशिंगटनमा आज शीर्ष यूरोपीय नेता यूक्रेनका राष्ट्रपति वोलोदिमिर ज़ेलेंस्कीको साथ अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रम्पको साथ बैठकमा शामेल हुनेछन्। यूक्रेनमा जारी संघर्षको शीघ्र समाधानको लागि यो आयोजना गरिएको हो।

यसमा ब्रिटेनका प्रधानमंत्री कीर स्टारमर, फ्रांसका राष्ट्रपति इमैनुएल मैक्रों, जर्मनीका चांसलर फ्रेडरिक मर्ज़, यूरोपीय आयोग का अध्यक्ष उर्सुला फॉन डेर लायन र वाशिंगटनमा नेटोका महासचिव मार्क रूट शामेल छन्। सामाजिक सञ्जाल पोस्टमा डोनाल्ड ट्रम्पले रुसको बारेमा ठूलो प्रगतिको उल्लेख गर्नुभएको छ तर कुनै विवरण भने दिनु भएको छैन। यसले आगामी वार्ताको दिशाको बारेमा अनुमान बढाएको छ।

## चिनियाँ विदेशमन्त्रीको भ्रमण

चीनका विदेशमन्त्री तथा कम्युनिष्ट पार्टी पोलितब्युरोका सदस्य वाङ यी आजदेखि भारतको दुई दिने भ्रमणमा छन्। राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालको निमन्त्रणामा उहाँको यो भ्रमण हुन लागेको हो। चिनका विदेशमन्त्रीले भारतका विशेष प्रतिनिधि डोभालसँग भारत-चीन सीमा विवादमा २४ औं चरणको विशेष प्रतिनिधिमण्डल स्तरीय वार्तामा भाग लिनुहुनेछ। चिनका विदेशमन्त्रीले विदेशमन्त्री डा. एस जयशंकरसँग द्विपक्षीय भेटवार्ता पनि गर्नु हुनेछ।

## अनिवार्य घोषणा

आकाशवाणीको समाचार सेवा प्रभागले आज राति ९:३० मा आफ्नो फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा "भेक्टर बोर्न डिजिजविरुद्ध सुरक्षा" शीर्षकमा चर्चा प्रस्तुत गर्नेछ। सामुदायिक चिकित्सा विभाग, अखिल भारतीय आयुर्विज्ञान संस्थान, प्रोफेसर पुनीत मिश्र, चर्चामा भाग लिनु हुनेछ। श्रोताहरूले हाम्रो स्टुडियोमा विशेषज्ञहरूलाई कार्यक्रमको क्रममा भेक्टर-जनित रोगहरूको लक्षण, रोकथाम र उपचारको बारेमा प्रश्नहरू सोध्न सक्नुहुनेछ। प्रश्न सोध्नका लागि टेलिफोन नम्बर ०११–२३७१–७१७ र ०१–२३३१४४ र ह्वाट्सएप नम्बर ९२८–९०९–४०४४ रहेको छ । साथै ह्यासट्याग आस्क-एआईआर को साथ् प्रश्नहरू एक्समा पनि पोस्ट गर्न सक्नु हुनेछ।

## महाराष्ट्र वर्षा

महाराष्ट्रको पुणे घाट क्षेत्रमा भारी वर्षा हुन सक्ने रेड अलर्ट मौसम विभागले जारी गरेको छ।पालघर, ठाणे, मुंबई अनि उपनगरीय क्षेत्र, रायगढ़, रत्नागिरी, सिंधुदुर्ग, यवतमाल, चंद्रपुर, गडचिरौली, सतारा घाट अनि और कोल्हापुर घाट क्षेत्र मा पनि भारी वर्षा हुन सक्ने संभावना रहेको छ। मछुवाहरूलाई समुद्रमा नजान सल्लाह दिइएको छ। महाराष्ट्रका केही क्षेत्रमा यस महिनाको २१ तारिखसम्म अति भारी वर्षाको चेतावनी जारी गरिएको छ। नेशनल डिजास्टर रेस्पोन्स फोर्स (एनडीआरएफ) र स्टेट डिजास्टर रेस्पोन्स फोर्स (एसडीआरएफ) लाई हाई अलर्टमा राखिएको छ। यसैबीच, राज्यका विभिन्न भागमा भारी वर्षाका

कारण नदीमा पानीको सतह बढेको छ।बुलढाणा, धाराशिव, हिंगोली, परभणी, नान्देड र रत्नागिरि जिल्लामा बाढीले बालीनाली र घरहरूमा क्षति पुर्याएको छ। रत्नागिरिमा जगबुडी र नारंगी नदीमा पानीको बहाव खतराको निशानभन्दा माथि रहेकाले विभिन्न सडकमा यातायात अवरुद्ध भएको छ।

**जम्मू कश्मीर कठुआका मुख्यमन्त्री**

जम्मू कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्लाहले कठुआ जिल्लाका विभिन्न भागमा पहिरो र बादल फाटेर भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। मुख्यमन्त्रीले मुख्यमन्त्री राहत कोषबाट प्रभावितहरूलाई अनुग्रह राहतको घोषणा गर्नु भएको छ। प्रत्येक मृतकको परिवारलाई दुई लाख रुपैयाँ आर्थिक सहयोग दिइनेछ, यस अतिरिक्त घाइतेहरूलाई एक लाख रुपैयाँ र सामान्य घाइतेहरूलाई पचास हजार रुपैयाँ दिइनेछ। क्षतिग्रस्त घरहरूको लागि पनि सहयोग दिइनेछ।

**नीरज चोपड़ा - डायमंड लीग**

विश्व च्याम्पियन तथा दुई पटकका ओलम्पिक पदक विजेता नीरज चोपडाले यस वर्षको डायमन्ड लिग फाइनलमा स्थान पक्का गरेका छन्। फाइनल खेल अगस्ट महिना को २७ र २८ मा स्विट्जरल्याण्डको जुरिचमा हुनेछ। हालैको सिलेसिया स्टेजमा भाग नलिए पनि चोपडाको यो सिजन को प्रदर्शन उनको लागि क्वालिफाई गर्न पर्याप्त थियो। नीरजले पेरिस लेगमा 77.16 मिटर थ्रो गर्दै स्वर्ण जितेका थिए। उनले दोहामा 90.23 मिटरको नयाँ राष्ट्रिय कीर्तिमान बनाएका थिए। नीरज जर्मनीका जुलियन वेबरपछि दोस्रो स्थानमा रहे। नीरज र वेबरको समान १५–१५ अंक छ। ट्रिनिडाड एन्ड टोबागोका केशोर्न वाल्कोट तीन इभेन्टमा १७ अंकका साथ शीर्ष स्थानमा छन्। नीरजले यसअघि सन् २०२२ मा डायमन्ड लिगको उपाधि जितेका थिए।

**मौसम**

मौसम विभागले गोआ, महाराष्ट्र र गुजरातमा अघिल्लो अगले 7 दिनहरुको अवधि भारी बर्षाको सम्भावना व्यक्त गरेको छ। विभागले छत्तीसगढ़, ओडिशा, आंध्र प्रदेश, तेलंगाना, कर्नाटक, कोंकण, गोआ र मध्य महाराष्ट्रमा आज अत्यधिक भारी बर्षाको रेड अलर्ट जारी गरेको छ।

जम्मू-कश्मीर, बिहार, झारखंड, ओडिशा, पश्चिम बंगाल, सिक्किम र अंडमान-निकोबार द्वीप समूहमा अघिल्लो केही दिनहरूसम्म मेघगर्जनको साथ् भारी बर्षाको सम्भावाना व्यक्त गरेको छ।